# निर्मला पन्त वलात्कार हत्या घटनाको एक वर्ष

## खै न्याय ?

**विषय प्रवेश -**

२०७५ साउन १० गते घरवाट साथी रोशनी वमको घर जानभनि निस्केकी निर्मला पन्तको शव भोलीपल्ट भिमदत्त न.पा. १९ उल्टाखाम स्थित पानी भएको हिलो उखुवारीमा फेला परेको थियो । घटनाको सामान्य स्वरुप नै उनको वलात्कार पछि हत्या भएको स्पष्टजस्तै देखिन्थ्यो । यद्यपी उनको हत्या भएको एक वर्ष पुग्दा पनि न्याय प्राप्त भएको छैन । यस दुःखद् परिस्थितिमा हामी स्वर्गिय निर्मला पन्त प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं ।

नेपाल मानव अधिकार संगठनको (ईन्द्र प्रसाद अर्याल - अध्यक्ष- नेपाल मानव अधिकार संगठन ,महामुनीश्वर आचार्य -महासचिव र त्रिभूवन कुमार भट्ट- सभापति कञ्चनपुर शाखा ) सम्मिलित एक टोलीले मिति २०७५ भाद्र २८ ,२९र ३० गते घटनाको स्थलगत अनुगमन गरी २०७५ असोज १० गते यही रिपोर्टर्स क्लव नेपालमा प्राम्भिक प्रतिवेदन सार्वजनिक गरेको विषय यहाँ देहोर्‍याउन चाहान्छौं ।

**अन्य प्रतिवेदनहरु -**

यस्तैगरी गृहमन्त्रालयका सहसचिव हरिप्रसाद मैनालीको संयोजकत्वमा गठित सरकारी समिति , राष्ट्रिय मानव अधिकार आयोग र प्रहरी प्रधान कार्यालयका तात्कालिन डिआईजी धिरु वस्नेतको संयोजकत्वमा गठित समितिले पनि वेग्ला वेग्लै प्रतिवेदन तयार पारेका छन् । धिरु वस्नेतको समितिले अनुसन्धानमा कञ्चनपुर प्रहरीले लापरवाही गरेको स्विकार गरेको छ । साथै, एसपी डिल्लीराज विष्टलगायतलाई विभागीय कारवाहीसमेत भएको थियो । मानव अधिकार आयोगको प्रतिवेदनले **ह्यूमन ईन्टेलिजेण्ट**को आधारमा अनुसन्धान हुनुपर्ने उल्लेख गरेको छ ।

**देखिएका केही घटनाकम -**

यस विचमा कञ्चनपुर जिल्लामा तिन जना प्रहरी प्रमुख फेरिएका छन् । अनुसन्धानका कममा ५२९ जनासँग प्रशासनले वयान लिएको छ र ७३ जनाको डिएनए परिक्षण गरिएको छ । प्राप्त जानाकारी अनुसार भजाईनल स्वाव नमुना सकिएको छ ।

प्रतिवेदन र समाचार प्रकाशनको विषयलाई लिएर यस संगठनका अध्यक्ष ईन्द्रप्रसाद अर्याल विरुद्ध निर्मला हत्या काण्डमा संकास्पद देखिएको वम दिदीलाई प्रयोग गरी गाली बेइज्यती मुद्दा दर्ता गरिएको छ । साथै, स्थानिय पत्रकार खेम भण्डारी र अभियन्ता भक्ति पुलारा विरुद्ध गाली वेईज्यती मुद्धा कञ्चनपुर जिल्ला अदालतमा दायर भयो । खेम भण्डारीलाई कञ्चानपुर जिल्ला वारले दायर गरेको मानहानी मुद्धामा एक रुपैयाँ जरीवाना र एक घण्टा कैद सजाय भएको छ ।

सबै प्रतिवेदनहरुले निर्मला पन्तको हत्या र वलात्कार भएको विषय फरक फरक ढंगले स्विकार गरे पनि आज एकवर्ष पुग्दा पनि हत्यारा समातिएको छैन र अनुसन्धान प्रकिया प्रभावकारी हुन सकेन । घटनाले प्रहरीको अनुसन्धान प्रकियाका कमजोरी र प्रहरीले गरेको श्रृङ्खलावद्ध गल्ती सतहमा आएको छ ।

निर्मला पन्तको हत्याको पर्सीपल्ट २०७५ साउन १२ गते पछिनै चरणवद्ध नागरिक आन्दोलनहरु सुरुभए आन्दोलकै कममा वालक सन्नी खुनाको प्रहरीको गोली लागेर निधन भयो । दिलिप विष्ट, चन्द्रदेव बडु हेमन्ती भट्ट, लक्ष्मी मल्ल , जीवन घर्ती मगर, दिपक नेगी, विशाल चौधरी प्रदिप रावल लगायतलाई यातना दिईयो ।

आन्दोलनका कममा उमेश देउवा, अर्जुन भण्डारा, सुरेन्द्रवहादुर देउवा लगायत आन्दोलनका कममा २५ जना वढी घाईते छन् । निर्दोषलाई यातना दिई अपराध स्वीकार गर्न लगाउने, जसलाई भेट्टायो उसैलाई शंका गर्ने र अपराध स्विकार गर्न लगाउने रवैया प्रहरी प्रशासनको रहयो ।

निर्मला प्रकरणमा सरकारी रवैया सदैव विवादास्पद रहनगयो । सबै प्रतिवेदनले निर्मलाको हत्या र वलात्कारलाई स्विकार गरे पनि अपारदर्शी फौज्दारी अनुसन्धान प्रकियाले वलात्कारी / हत्यारासम्म सरकार पुग्न सकेन । फौजदारी न्यायीक अनुसन्धनको लागि आवश्यक पारदर्शिता सरकारले प्रस्तुत गर्न सकेन ।

शङकास्पदहरु भनिएकालाई सरकारी संरक्षण रहेको भन्ने आम धारण पाईयो । विवादस्पद सरकारी रवैया प्रति जनता आकोसित र आन्दोलित रहिरहे । अनुसन्धानका कममा यातना पाएका दिलिप सिंह विष्ट समेतले यातनादिने पिडक विरुद्ध जाहेरी दिएका छन् । प्रमाण लोप तथा यातनाको कसुरमा पिडक प्रहरीहरु विरुद्ध कञ्चनपुर जिल्ला अदालतमा मुद्दा दायर एवं पिडकहरु हाल धरौटीमा रिहा भई मुद्धा विचाराधिन छ ।

दृश्य अदृश्य दवाव एवं प्रभावबाट मौलिक मानव अधिकार संरक्षणको पहरेदारको रुपमा रहेको नेपाल बार एशोसियसनको कञ्चनपुर स्थित जिल्ला एवं उच्च तहका बार ईकाइको पिडित तथा जाहेरवाला निर्मला पन्त हत्याकण्डमा पिडितका तर्फबाट मुद्दा मामिला, बहस पैरवी नगर्ने भन्ने घोषित/अघोषित निर्णय पाईयो । सम्बन्धित बार समेतले जाहेरवालाहरुको तर्फबाट अदालतमा उपस्थित नहुने भएपछि पिडितलाई प्रभाकारी न्यायको लागि यस नेपाल मानव अधिकार संगठन अध्क्षक्ष श्री ईन्द्रप्रसाद अर्याल अन्य संस्थाहरु कोक्यापका अध्यक्ष अधिवक्ता वद्रीप्रसाद भूषाल, वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी , एवं अधिवक्ता पुष्पराज पौडेल कल्याण पोखरेल , ओम प्रकाश सेन र वसन्त गौतमबाट पिडितका पक्षका कानूनी सहयोग दिईएको थियो । साथै, संगठनले सरकारी प्रतिवेदनमासमेत शंकास्पद भनि उल्लेख गरिएका बम दिदी बहिनीलाई राम्रोसँग अनुसन्धान नगरेको कारणले दोषी पत्ता नलागेको भन्दै एवं सरकारलाई दवाव दिन धर्ना एवं अन्य आन्दोलन र अन्तरवार्ता लगायतको गतिविधि संचालित भईरहेका छन् ।

बारबाट एमिकस क्युरीको रुपमा प्रतिनिधित्व गर्ने कानून व्यवसायीले नेपाल कानून व्यवसायी ऐन २०५१ अन्तर्गत निर्माण गरिएको आचारसंहिता विरुद्ध पिडकको पक्षमा वकालत गरेको समाचार सुदुर पश्चिमको दैनिक मानस खण्ड पत्रिकामा प्रकाशित भएको र समाचार प्रकाशनको विषयलाई लिएर मुद्धा परी सम्पादक श्री खेम भण्डारीलाई अदालतबाट १ घण्टा कैद र १ रुपैंया जरिवाना भएको ।

निर्मला हत्याका संलग्न अपराधी हालसम्म पत्ता नलागेको एवं दोषी पत्ता लगाउन राज्य उदासिन छ। सरकारी प्रतिवेदनले समेत संकास्पद भनिएका व्यक्ति उपर पुन: विस्तृत अध्ययन अनुसन्धान हुन सकेको छैन ।

निर्मला पन्त प्रकरणमा नागरिक समाज एवं मानव अधिकार समुदाय विभक्त हुन पुगेको छ भने निर्मला पन्तकी आमालाई प्रभावमा पार्न प्रयास भएको छ। त्रासको वातावरण वनाई प्रमाण लोपमा जाहेरी दिने निर्मला पन्तको आमालाई दावाव दिई उक्त प्रमाण लोप सम्बन्धी मुद्दालाई कमजोर बनाउने चेष्टा गरिएको । राज्यले अन्याय विरुद्धका स्वरलाई दवाउने विभिन्न षडयन्त्र गरेको पाईयो ।

ओपेरा होटलको सि.सि.टि.भी फुटेज रेकर्ड गरी रेकर्ड कब्जामा लिई अन्तर्राष्ट्रिय विज्ञहरु समेतको सहयोगमा त्यसमा रहेका रेकर्डलाई संकलन गर्न सक्नु पर्नेमा सरकारी पक्ष उदासिन रहन गयो ।

संगठनले २०७५ असोज १० गते यसै स्थानवाट स्थलगत प्रारम्भिक अनुगमन प्रतिवेदन प्रस्तुत गर्दै दोषी उपर कारवाहीको माग गरेकोमा हालसम्म पनि घटनाको सत्यतथ्य वाहिर नल्याईएको र दोषीलाई कानूनी दायरामा ल्याउन नसकेको, बलात्कार र हत्याको घटनाको मुल मुद्धा ओझेलमा पर्ने गरी जिम्वेवार व्यक्तिहरुको अभिव्यक्ति आउनुले मानव अधिकार, लोकतन्त्र र कानूनी शासनको खिल्ली उडाएको छ ।

**पुन गहिरो अनुसन्धान होस**

अन्तमा समग्र अनुसन्धान प्रकिया प्रभावकारी हुन नसकेको विषय पुन :जोडदार रुपमा दोहोर्‍याउदै घटनाको एक वर्ष पछि पुनः यस घटनासँग सम्वधित सवै अनुसन्धान प्रतिवेदनहरु सार्वजनिक गराई प्रतिवेदनहरुले संका गरेका सवैमाथि प्रभावकारी अनुसन्धान गरी दोषीलाई कानुनी दायरामा ल्याउन नेपाल सरकार समक्ष माग गर्दछौं ।

इन्द्र प्रसाद अर्याल
अध्यक्ष
नेपाल मानव अधिकार संगठन
मिति -२०७६-०४-१०

निर्मला पन्त बलात्कार/हत्या प्रकरणको एक बर्ष , खै न्याय ?